नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..............................शाखा)

प.सं. : ०७४/०७५
च.नं. : ९०६

सिंहदरबार, काठमा

मितिः २०७४।०७।०७

## प्रेस विज्ञप्ति

आज मिति २०७४ कार्तिक ७ गते यस मन्त्रालयलमा संविधान कार्यान्वयनको निमित्त बनाउनु पर्ने कानून निर्माणको अध्यावधिक स्थिति तथा मुलुकी देवानी संहिता, मुलुकी फौजदारी संहिताका मुलभुत विशेषताहरूको बारेमा जानकारी गराउने उद्देश्यले विभिन्न क्षेत्रका सञ्चारकर्मीहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो।

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू तथा राज्यमन्त्रीज्यूको समुपस्थितिमा भएको छलफलमा मन्त्रालयका सहसचिव एवं प्रवक्ताले संविधान कार्यान्वयन सम्बन्धमा कानून निर्माणको पछिल्लो अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा बोल्दै यस मन्त्रालयका सचिव श्री कमलशाली घिमिरेज्यूले मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ का मुख्य मूख्य विशेषताको बारेमा जानकारी गराउनु भयो । साथै उहाँले यी ऐनहरू हरेक नेपालीको दैनिक जनजीवनमा प्रयोगमा आउने भएकोले ऐनमा रहेका व्यवस्थाहरूको बारेमा सर्वसाधारणलाई सूचित गराउन सञ्चारकर्मीहरूसँग सहयोगको अपेक्षा गरी छलफल आयोजना गरिएको बताउनु भयो । कार्यक्रममा सचिवज्यूले आगामि दिनमा यस मन्त्रालयले मौलिक हक कार्यान्वयन सम्बन्धी कानून निर्माण तथा संविधानले व्यवस्था गरे बमोजिम प्रचलित कानूनमा संघ, प्रदेश र स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था अनुरूप हुने गरी कानून संशोधन तथा निर्णय कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने कुराको जानकारी गराउनु भयो ।

छलफलको अन्त्यमा सञ्चारकर्मीहरूको जिज्ञासालाई सम्बोधन गर्दै कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री यज्ञबहादुर थापाले सरकारले निर्वाचन सम्बन्धी सम्पूर्ण कानूनहरू बनाउन सफल भएको विक्रम संवत २०२० सालमा बनेको मुलुकी ऐनलाई समेत प्रतिस्थापन गर्ने गरी ल्याइएका यी ऐनहरू व्यवस्थापिका-संसदका सर्वोत्तम उपहार रहेको बताउनु भयो । साथै उहाँले लामो समय र प्रशस्त मिहेनत पछि मात्र जारी भएका यी ऐनहरू नेपालको कानून प्रणालीलाई युगान्तकारी परिवर्तन गर्ने कोसेढुङ्गा भएकोले यसको प्रचारप्रसारमा सञ्चारकर्मीहरूको महत्वपूर्ण भुमिका रहनु पर्ने बताउनु भयो ।

(डिल्लीराज घिमिरे)
सहसचिव एवं प्रवक्ता

फोनः ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२१
फ्याक्स नं.: ४-२११६८४